घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

पत्र संख्याः२०७६/७७
चलानी नं. ९७१

गण्डकी प्रदेश, नेपाल
२०७६।१२।२१

विषयः आवश्यक व्यवस्था मिलाउनुहुन ।

**श्री वडा कार्यालयहरू (सबै)**
घरपझोङ गाउँपालिका, जोमसोम, मुस्ताङ ।

मिति २०७६।१२।२१ गते बसेको गाउँ कार्यपालिकाको ४४ औं बैठकका निर्णयहरू तथा सोही बैठकबाट स्वीकृत **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६** समेत यसै पत्रसाथ संलग्न छ । बेहोरा अवगत गर्नुहोला । कोभिड-१९ को संक्रमण हुन नदिन नेपाल सरकारको आदेश बमोजिम लकडाउन हुँदा कतिपय दैनिक ज्यालादारी मजदुरी गरेर मात्रै जीवन यापन गर्ने मजदुरहरू तथा अति सीमान्तकृत विपन्न एवम् असहाय समुदायहरूले दैनिक खानपीन गर्नको लागि असहज स्थिति पैदा भएको स्थितिमा सम्बन्धित वर्ग पहिचान गरी राहत सामग्री वितरण गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ । सो कार्यका लागि संलग्न मापदण्ड अध्ययन गर्नुभई देहाय बमोजिम हुन अनुरोध छ ।

देहाय

१. लकडाउनको कारणले दैनिक ज्यालादारी गरेर मात्रै जीवनयापन गर्ने मजदुर तथा अति सीमान्तकृत विपन्न र असहाय वर्गहरूको संलग्न मापदण्डको आधारमा पहिचान गरी मिति २०७६।१२।२२ गते बेलुका १७.०० बजे सम्ममा विवरण गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने प्रवन्ध हुन ।
२. मापदण्डले परिकल्पना गरेका लाभग्राहीहरू नछुट्ने तथा मापदण्डको परिधीमा नपर्ने व्यक्तिहरूको विवरण कुनै पनि हालतमा संलग्न नगराउने व्यवस्था हुन ।
३. लाभग्राहीहरूको विवरण तयार गर्दा वडा समितिको बैठकको निर्णयबाट तयार गर्नुहुन ।
४. राष्ट्रिय विपद्‌को यो घडीमा राहत प्याकेज सम्बन्धित व्यक्ति वा परिवारमा पुगोस भन्नेतर्फ सबै सचेत भैदिनुहुन ।
५. राहत सुविधा नपाउने व्यक्तिले पाउनको लागि निवेदन गरेमा र सो व्यक्तिलाई राहतको लागि सिफारिस भई आएमा निवेदक तथा सिफारिस कर्तालाई समेत कारवाही गर्ने गरी मापदण्ड तयार भएकोले सो विषयमा सचेत हुनुहुन ।
६. सम्पूर्ण वडा सचिवहरूले मापदण्डको अद्योपान्त अध्ययन गरी सोही बमोजिमको प्रकृया अवलम्बन हुने सुनिश्चितता गर्नुहुन र यस कार्यालयमा पठाउनु पर्ने विवरणहरू समयमानै पठाउने व्यवस्था गर्नुहुन ।

७. कोभिड-१९ को संक्रमणलाई रोकथाम, नियन्त्रण, राहत तथा उपचार समेतको कार्यलाई व्यवस्थित गर्न तथा खर्चको सुनिश्चतता गर्न यस गाउँपालिकाले नेपाल बैंक लिमिटेड, जोमसोम शाखामा खोलेको **घरपझोङ गाउँपालिका ७.२ विविध खाता नं. ०६८०३००००७००२००००१** मा तहाँ वडा अन्तर्गतका संघ संस्था, व्यापारी, उद्योगपति, आमा/महिला समूह, दानवीर चन्दादाता तथा अन्य व्यक्ति वा संस्थाले रकम जम्मा गर्न चाहेमा जानकारी गराईदिनुहुन ।

८. तहाँ वडा अन्तर्गतका घर भाडामा लगाउने घर धनीहरूलाई राष्ट्रिय विपद्को यो समयमा नेपाल सरकार तथा यस गाउँ कार्यपालिकाको ४४ औं बैठकको निर्णय समेतका आधारमा सर्वसाधारण नागरिकको लागि चैत्र महिनाको घरभाडा मिनाह गर्नको लागि अनुरोध गर्नुहुन ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

<u>बोधार्थ</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
माननीय मुख्यमन्त्रीज्युको निजी सचिवालय, गण्डकी प्रदेश, पोखरा ।
श्री जिल्ला प्रशासन कार्यालय, मुस्ताङ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ